संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

बुधबार, २०६६ असोज २८

---

## उच्चायुक्तको कार्यालय र आईएलओद्वारा आदिवासी जनजातिको अधिकारसम्बन्धी कार्यशाला सम्पन्न

असोज २८, चितवन

उच्चायुक्तको कार्यालय र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ)ले नेपाल आदिवासी जनजाति महासङ्घ (नेफिन)को जिल्ला शाखाको समन्वयमा आदिवासी जनजातिका अधिकारसम्बन्धी तीन दिने तालिम असोज २६ देखि २८ सम्म चितवनको सौराहामा आयोजना गरे।

यस कार्यक्रमले आईएलओ महासन्धि १६९ तथा आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रको अवधारणात्मक स्पष्टता प्रदान गर्ने तथा यी दस्तावेजहरूलाई व्यवहारमा कसरी लागू गर्न सकिन्छ भन्नेबारे छलफल गर्ने लक्ष्य राखेको थियो। त्यसमा समेटिएका मुद्दाहरूमा विकास, अविभेद, सहभागिता तथा परामर्शप्रतिको आदिवासी जनजातिका अधिकार तथा भूमि र प्राकृतिक संशाधनप्रतिको आदिवासी जनजातिका अधिकारका साथै वन्यजन्तुको संरक्षणमा तिनको भूमिकालगायतका थिए। सो कार्यशाला वर्तमान संविधान मस्यौदा प्रक्रियाको ढाँचामा समेत आदिवासी जनजातिले कसरी संवाद र छलफलमार्फत् चुनौती र सरोकारहरूलाई सम्बोधन गर्न सक्छन् भन्ने कुरामा पनि केन्द्रित भयो।

विभिन्न आदिवासी समुदायका बाह्र महिलासमेत उनन्तीसजनाले तालिममा सहभागी भएर आफ्ना अनुभव साटासाट गरे। संविधानसभा सदस्य लकी शेर्पा, स्थानीय एक मानवअधिकार रक्षक, चितवन राष्ट्रिय निकुञ्जका एक वरिष्ठ अधिकृत तथा आईएलओ एवं उच्चायुक्तको कार्यालयका प्रतिनिधिहरूले विभिन्न सत्रहरूमा सहजीकरण गरे।

कार्यक्रमको समापनमा सहभागीहरूले प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, जिल्ला वन अधिकृत, स्थानीय विकास अधिकारीलगायतका जिल्लाका अधिकारीहरू एवं चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूसँग विज्ञमण्डलीय छलफलमा भाग लिने अवसर पाए। सहभागीहरूले चितवनमा बसोबास गर्ने आदिवासी जनजातिसँग सम्बन्धित विभिन्न प्रश्नहरू उठाउनुका साथै आदिवासी जनजातिका अधिकारको सम्मान अभिवृद्धि गर्ने उपायहरूबारे छलफल गरे।

"यस कार्यशालाले आदिवासी जनजातिका अधिकार, अविभेद तथा व्यावहारिक रूपमा संरक्षणप्रतिको सम्मानका सम्बन्धमा रहेका अवसर र चुनौतीहरूबारे छलफल गर्ने तथा तीबारे अझ राम्ररी बुझ्ने मञ्च प्रदान गर्‍यो। सबैको अधिकारको प्राप्तिका लागि सबै सम्बद्ध सरोकारवालाहरूबीचको संवादसहित कानुनी अधिकारको ज्ञान आवश्यक छ," उच्चायुक्तको कार्यालयको मध्यमाञ्चल फिल्ड अफिसका प्रमुख योहान ओल्हागनले भन्नुभयो।

**For further information contact Chun B. Gurung, tel: 4280164, Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**